# ६ दुष्ट शक्तिहरुमाथि विजय

*यस अध्यायको निम्ति पढ्नुहोस्:* एफिसी १:१८-२२, रोमी ८:२६-३९, याकूब ४:७, १ पत्रुस ५:६-१०, लुका १०:१-२०, प्रेरित ५:१२-१६।

*स्मरण गर्नुपर्ने पद:* **"ती सबै थोकहरू हाम्रो जीवनमा धाउन्नेछौं, र त्यत्तिमात्र होइन हामी विजय पाउनु भन्दा बेसी काम गर्नेछौं। तर हामीहरू जे गर्छौं, त्यसको श्रेय हामीलाई प्रेम गर्नुहुन् ख्रीष्टलाई दिन्छौं।" रोमी ८:३७ रूपान्तरित।**

मूल सोच: **हामीलाई आक्रमण गर्ने सबै दुष्ट शक्ति वा अख्तियारहरूमाथि ख्रीष्टको बलले विजय पाउनसक्छौं।**

संसारको कतिपय स्थानहरूमा धर्म भनेको केवल दैनिक जीवनको चुनौतिलाई सामना गर्ने भन्दा अरू केहि वेसी भएको नदेखिन सक्छ। **पापबाट मुक्ति हुनु भनेर बाइबलले सिकाएको विद्या कतिपय प्रचलित धर्महरूको विद्याको निम्ति अनौठो हुनसक्दछ। ती ठाउँहरूमा इसाई धर्म भनेको केवल परोपकारी धर्म र मानिसहरूको दैनिक समस्या तारिदिने धर्म भनेर मानी लिएको पाइन्छ।**

**हो, इसाई जीवनशैली अपनाउँदा धेरै फायदाहरू त छन् नी। तर इसाई धर्मले अर्को स्वर्गको बारेमा हरदम सोचिरहेको हुन्छ भन्ने कुरालाई हामी कहिलै पनि विर्सनु हुन्न। यस संसार भन्दा पनि पार भएको अर्को असल संसारलाई येशूभक्तहरूले देखेका हुन्छन्। हो, दुवै प्रतक्ष्य र अप्रतक्ष्य संसार महत्त्वपूर्ण छन्। ती दुवै संसारमा अदृष्य शक्तिहरूको चलखेल भइरहेको हुन्छ जुन एक आपसमा बाझिन्छन्। तर दुवै संसारमाथि विजय पाउने वाचा परमेश्वरले हामीलाई दिनुभएको हुनाले त्यसको सराहना हामीले गर्नुपर्छ।**

यहि सन्दर्भमा येशू र सैतानको बीचमा भएको महान् मतभेदको युद्धलाई सम्झनु उचित हुन्छ। यस संसामा भइरहेको आत्मिक युद्ध र यस संसारमा येशूभक्तको पहिचान के हो त भनेर बुझ्न त्यस महान् मतभेदको पृष्ठभूमी बुझ्नु आवश्यक छ। त्यस युद्धको बीचमा विश्वासी वा येशूका सत उपासकहरूलाई निष्ठुर शत्रुको शक्ति र दयामा फैंकिएको हुन्दैन। बरू, ती शत्रुहरूलाई जित्ने वाचा ख्रीष्टमा हामीले पाएका छौं।

## १. बिजयको निम्ति रङ्गमञ्च तयार (एफिसी १:१८-२२)

यदि सैतानका फौजहरूसँग लड्न योजना तयार नभएको भए येशूभक्तहरूले विजयको आशा पाउने थिएन। ख्रीष्ट क्रुसमा मर्नुभयो र उहाँ बौरि उठ्नुभएर सैतान र उसका फौजहरूसँगको मुठभेटमा उहाँ जीत्नुभयो भनेर गत अध्ययमा हामीले हेरेका थियौं। ख्रीष्टको बलिदानले दुष्ट शक्तिहरूको भण्डाफोर गर्नुभयो र ती शक्तिको कार्यक्षेत्र पनि सिमित गरिदिनुभयो भनेर हामीले अध्ययन गरेका थियौं। ख्रीष्टले दुष्टका शक्तिहरूलाई नियन्त्रण गर्नुभयो भन्ने तथ्यले सैतानमाथि विजय पाउन येशूभक्तहरूलाई  ढोका खोलिदिएको छ भनेर स्पष्ट पार्दछ।

एफिससमा येशूका उपासकहरूका आँखा परमेश्वरले खोलिदिउन् भनेर पावलले एफिसी १:१८-२२मा कामना गर्दछन्, ध्यान दिएर पढ्नुहोस्। पावलको अनुसार ख्रीष्टले हामीलाई के गर्नुभयो? पावलले व्यक्त गरेका भावनाहरूमा महान् मतभेदको बिषय वस्तु कसरी झल्किन्छ? त्यसबारे आत्मज्ञान अझ हामीलाई कसरी वढि दिन्दछन्? ती पदहरूमा हामीलाई के वाचा दिइएको छ? हामीहरूको जीवनमा त्यसमा उल्लेख गरिएका वाचाहरूलाई कसरी यथार्थमा उतार्ने?

येशू र सैतानको बीचमा भइरहेको महान् संग्रामको बारेमा इसाईहरूले अझ राम्ररी बुझुन् भनेर पावलले यहाँ कामना गर्दछन्। जब तिनीहरूले त्यसको आत्मज्ञान पाउन सक्यो भने तिनीहरूको जीवन सकारात्मक र आशाले भरिपूर हुनेछन्। जे आदरणीय र अधिकारहरू छन्, परमेश्वरका छोराछोरी भएको हैशियतले तिनीहरूले जान्नेछन्।

**तिनीहरूकै जीवनबाट परमेश्वरको शक्तिको अनुभव गर्नेछन्। ख्रीष्टलाई मृत्युबाट बौराउने महान् शक्तिको उपभोग तिनीहरूले गर्न पाउनेछन्।**

एफिसी १:२०-२२ नियालेर पढ्नुहोस्। हामीभन्दा शक्तिशाली फौजहरूसँगको निरन्तर मुठभेटमा त्यहाँ दिएका प्रतिज्ञाहरूलाई हाम्रै भनेर हामीले कसरी दावि गर्न सक्दछौं?

**क्रुसमा मर्नभएर बौरि उठ्नुभएकोले सबै थोक, सैतानका शक्तिहरूपनि उहाँको मातहतमा आएको छ। आत्मिक रूपमा हामीलाई भड्काउने शक्तिहरूसँग अझ बेसी भिंड्न सच्चाइकासाथ व्यक्तिगत रूपमा ख्रीष्टले रङ्गमञ्च तयार तयार गरिदिनुभएको छ।**

यस बुँदामा भएका पदहरू मनन् गर्नुहोस्। जुनसुकै संघर्षको सामना तपाईंले अहिले नै गरिरहनुभएतापनि ती पदहरूबाट तपाईंले कस्तो बल वा आश्वासन पाउनु हुन्छ? त्यहाँ के के कुराहरू उल्लेख गरेका छन् र ख्रीष्टमा हामीलाई के वाचा दिइएको छ, त्यसबारे सोच्नुहोस्। धर्म भनेको केवल उमेर ढल्केका बुढापाका, काम नपाएका गरिबगुरूवा वा दैनिक जीवनशैलीसँग सरोकार नभएको तत्व नभनी हाम्रो जीवनको प्रत्येक पक्षमा लागु हुने र अनुभव गर्ने तत्व वा आदर्श हुन् भनेर ती पदहरूबाट हामीले कसरी बुझ्ने?

## २. विजयको आशा (रोमी ८:२६-३९)

**सैतान र उसका दुष्ट फौजहरूहरूलाई हराउन भूमिका तैयार भइसकेको छ। तिनीहरूमाथि विजय हुनेछ भन्ने आश्वासन बाइबलले हामीलाई दिएको छ।**

रोमी ८: २६-३९ पढ्नुहोस्। पावलले यहाँ के भन्न खोजिरहेको छ? आशावादी भएर भविष्यतिर आँखा फर्काएर बस भनेर इसाईहरूलाई पावलले दिइएको अर्तिका कारणहरू के के छन्? ती पदहरूमा उल्लेख गरेका अचम्मका प्रतिज्ञा र उत्साहजनक वचनहरूलाई केलाएर हेर्नुहोस्। फेरी, ती स्पष्ट वचनहरूलाई केवल कुरामात्र हो भनेर नठानी तर परमेश्वरको वचन हो भनेर आत्मसात् गरि

हाम्रो जीवनमा उतार्न र त्यस अनुसार जीउन कस्तो निति अपनाउनुपर्दछ?

येशूभक्तहरूले प्रभुमाथि किन भरोसा राख्नुपर्छ भनेर कमसेकम दुई कडा तर्कहरू रोमी ८:२९,३०मा पावलले प्रस्तुत गर्दछन्। प्रथमतः हाम्रो अनेकन दुःखकष्ट र पीडामा परमेश्वरको आत्माले साथ दिनुहुन्छ। दोस्रोमा, येशूका विश्वासीहरूको जीवनमा घट्ने सम्पूर्ण कुराहरू चाहे कष्ट हुन् वा सहजहरू हुन् ती सबै परमेश्वरको अनन्तको लक्ष्य पूरा गर्न उनीहरूकै भलाइमा भएको हुन्छ। (हुनतः वर्तमान अवस्थामा हाम्रा जीवनमा घटेका अप्रिय कुराहरू हाम्रै भलाइकोनिम्ति कसरी हुन्छ भनेर बुझ्न र महशूस गर्न नसकौंला)। परिक्षा, दुःखकष्ट, पीडाको समयमा परमेश्वरमा भरोसा राखेर अडिग भएर बस्नु इसाई जीवनको उल्लेखनीय पक्ष हो। हामीहरूको विश्वास हाम्रो देखाइ वा परिस्थितिमा भर पर्दैन भनेर प्रमाणित गरेर जीउनु प्रत्येक येशूभक्तको धर्म हो।

पावलले प्रस्तुत गरेका पद २९,३०का तर्कहरूको कारण पद २८मा पुष्ट्याइ गरेको छ। परमेश्वरको प्रेममा तल्लिन हुनेहरूको जीवनमा उहाँका लक्ष्यको विकास कसरी हुन्छ भनेर ती पदहरूमा औंल्याएका छन्। इसाई जीवनको बहुआयामिक पक्षहरूलाई पूर्णरूपमा विकास गरि मुक्तिको निम्ति सक्षम् बनाउने परमेश्वरको उद्देष्य हो।

इसाईहरूको विश्वासलाई चरम शिखरमा पुर्‍याउने तर्क पद ३१-३४मा पावलले कसरी प्रस्तुत गरेकाछन्? पद ३१ हेर्नुहोस्। येशू उहाँको प्रतिद्वन्धी सैतानको बीचमा भइरहेको महान् मतभेदको परिप्रेक्ष्यमा ती पदहरूबाट हामीलाई के सिक्न सक्दछौं?

येशूका प्रीय उपासकहरूले कुन् कुन् थोकहरूमा विजय पाउन सक्छ भनेर रोमी ८:३५-३९मा पावलले सूची तयार गरेकाछन्। तिनीहरूमा “सैतानका शक्ति र उसका फौजहरूहरूको (स्वर्गदूतहरूं-भुतात्माहरू वा प्रधानताहरू..शक्तिहरू) आधिपत्यमा हामी रहन वाध्य छैन भनेर ती सूचीमा उल्लेख गरेकाछन्। इसाईहरूले पाएका विजयी जीवन

बिताउने अधिकारलाई जगतका कुनै शक्तिले पनि छिन्न सक्दैन भनेर पावलले बढो अठौततासाथ गम्भिररूपमा ती सूचीमा औंल्याउँछन्।

## ३. सैतान तथा उसका भुतात्मा वा दुष्टआत्माहरूको सामना गर्ने इसाईहरूको सक्षमता (याकूब ४:७)

याकूब ४:७मा यसरी लेखिएको छः "यस कारण आफूलाई परमेश्वरको अधिनमा राख। सैतान वा दियावलस अर्थात् डेभिलको विरोध गर। त्यो तिमीहरूबाट भाग्नेछ।" जो येशूभक्त सैतानको विरुद्धमा खडा हुनसक्छ के त्यसलाई सक्षम् बनाउने वाचा उपरोक्त पदमा दिइएको छैन र? कुनै व्यक्तिभन्दा अत्यन्त शक्तिशाली दुष्ट वीरको विरूद्धमा कसरी उभिन सक्दछ र? यहि सन्दर्भमा व्यवस्था ४:४ पनि पढ्नुहोस्।

**सैतान र उसका फौजहरूको अगाडि येशूभक्तहरू निरीह वा विवश भएर बस्नु आवश्यक छैन। (सैतान र उसँग पतित भएका स्वर्गदुतहरू मनगढन्ते नभएर साँच्चिकै हुन् भनेर थाहा पाउनु कत्ति जरूरी छ भनेर याकूबले व्यक्त गरेको कुराबाट हामीलाई थाहा दिन्छ)। तर याद गर्नुहोस्, इसाईहरू सैतानसँगको मुठभेटमा लाग्नुभन्दा उसको खिलाफमा उभिनु वढि बुद्धिमानी हुन्छ। "विरोध गर" भन्ने शव्द ग्रीक भाषामा आन्थिस्टेमी (anthistemi) हो जसको अर्थ "कुनै वस्तुको सामना गर्न ठिङ्ग उभिनु।" येशूभक्तको मनस्थितिले गर्दा सैतान भाग्छ भनेर याकूबले भन्न खोजेको हो। त्यो मनस्थिति कस्तो हो त? आफ्नो जीवनको सम्पूर्ण पक्ष वा भागहरूलाई येशूलाई पूर्णरूपमा समर्पण गर्नु हो। हाम्रो क्षमताले होइन तर केवल एकल येशूको शक्तिलेमात्र सैतानलाई भगाइ दिनसक्दछ।**

सैतान गर्जने सिहँ भनेर पत्रुसले १ पत्रुस ५:६-१०मा सम्वोधन गरेको छ। ती पदहरू पढ्नुहोस्। खाइहालुँ भनेर खोजिरहने शत्रुको सामना गर्न येशूभक्तहरूलाई के वाचा दिइएको छ? याकूवले अगाडि लेखेको पदसँग पत्रुसको निर्देशन कसरी मिल्दछ? ती दुई पदहरूबाट

सैतानको बारेमा हामीलाई के जनाउ दिन्दछ? एफिसी ४:२७ र ६:११ पनि पढ्नुहोस्।

तत्कालिन इसाईहरूले सहनुपरेको आक्रमणलाई ख्यालमा राखेर पत्रुसले ती वचनहरू व्यक्त गरेका हुन्। ती इसाईहरूलाई आक्रमण गर्ने मानिसहरूको पछाडि सैतान लुकिरहेको पत्रुसले देखेका थिए। सैतानसँग डटेर सामना गर भनेर उनका पाठकहरूलाई सम्वोधन गरिरहेका थिए। यहाँ पनि पत्रुसले आन्थिसटेमी शव्द प्रयोग गरेका छन्। तर उनले स्टेरिओ (stereoi) शव्द थप्दछन्। त्यसको अर्थ "डटेर सामना गर्नु वा अडिग भएर" बस्नु हो। सैतानले हमला गर्दा जो पत्थर जस्तो बलियो भएर उभिन्छ त्योसँग ऊ मुकाविला गर्न सक्दैन त्यसकारण ऊ भाग्छ भनेर पत्रुसको भनाइले आभास दिन्छ। डरछेरुवा इसाई भक्तको काम छैन। हामी निडर भएर उभिएतापनि केहि समय हामी कष्ट खप्नुपर्ने हुन्छ भनेर पत्रुसलाई थाहा थियो। तर येशूभक्तलाई परमेश्वर आफैले "सुदृध वा सिद्ध पार्नुहुनेछ, स्थापना गर्नुहुनेछ, बलियो बनाउनुहुनेछ र नहल्लिने गरेर स्थाईत्व दिनुहुनेछ" (१ पत्रुस ५:१० रूपान्तरित)।

प्रिय पाठक वृन्धहरू, परमेश्वरले हामीलाई अचम्मका प्रतिज्ञाहरू दिनुभएतापनि यस संसारमा हामीलाई दुःखकष्टबाट स्वतन्त्र हुन्छौं भनेर वाचा दिइएको छैन। दुःख, कष्ट पिडा, सतावत, यातना आदि कुन येशूभक्तलाई थाहा छैन र? मानव भएको कारणले कतिपय दुःख त यस संसारमा हामी आफैले सृजना गरेका हुन्छौं। यद्यपि, जब हामी पिडा र कष्टको जालोमा पर्दछौं, हाम्रो विश्वास र आस्थाले त्यसलाई सम्हाल्न कस्तो भूमिका खेल्दछ?

## ४. विजयका अनुकरणीय उदाहरणहरू (मत्ती १०:१-१०)

अहिले सम्ममा येशूभक्तहरूलाई दिइने विजयका आशा र वाचाहरूको बारेमा बाइबलले देखाएको कुरालाई हामीले हेरेका थियौं। त्यसलाई पुष्टि गर्न येशूभक्तहरूले दुष्ट फौजहरूको सामु पाएका विजयका यथार्थ उदाहरणहरू बाइबलले उल्लेख गरेको हामी पाउँछौं। प्रारम्भिक

समयमा येशू आफैले सुसमाचार प्रचार गर्न पठाउनुभएका उहाँका चेलाहरूको उदाहरणबाट हामी सुरू गर्नेछौं।

मत्ती १०:१-८, मर्कूस ६:७,१२,१३, लूका ९:१,२ र १०:१-२० पढ्नुहोस्। ती पदहरूमा उल्लेख गरिएका व्यक्तित्वहरूलाई के काम गर्न खताइएको थियो? महान् मतभेदको पृष्ठभूमीमा ती पदहरूलाई हामीले कसरी बुझ्ने? फेरि वर्तमान युगमा येशूको बारेमा प्रचार गर्न मनशाय बोकेका हामीहरूलाई ती पदहरूले के सन्देश दिन्दछ?

परमेश्वरको राज्य आउँदैछ भन्दै प्रचार गर भनेर निर्देशन दिइ येशूले बाऱ्हजनालाई खताउनुभएको विवरण रोचकपूर्ण मान्नु पर्दछ। तर केवल प्रवचन वा प्रचारमात्र गर्ने नभएर भुतात्मा अर्थात् सैतानका फौजहरू र अपवित्र आत्माहरूलाई काबुमा राख्न चेलाहरूलाई शक्तिसम्पन्न गर्नु महत्त्व छ भन्ने आभास पनि येशूले पाउनुभएको थियो। यो अचम्म मान्नु पर्ने कुरा होइन किनकि उचित रूपमा सुसमाचार प्रचार गरिन्दा त्यस्ता दुष्ट आत्माहरूको फण्डाफोर गरिन्छ। जब सुसमाचार प्रचार गरिन्छ त्यसबखत सैतानका शक्तिहरूले त्यसको खिलाफमा आक्रमण गर्ने अपेक्षा गरिएको हुन्छ। त्यसकारण ती शक्तिहरूसँग मुकाविला गर्न बाऱ्ह चेलाहरूलाई शक्ति दिनु आवश्यक थियो। निश्चय नै जब बाऱ्ह जना चेलाहरूले सुसमाचार प्रचार गर्न गए तब ती दुष्ट आत्माहरूले पनि आफ्ना चर्तिकला ती चेलाहरूको विरुद्धमा प्रकट गरेका थिए। त्यसको फलस्वरूप मानिसहरूलाई नियन्त्रण गर्ने अनेकन भुतात्मा र दुष्ट फौजहरूलाई तिनीहरूबाट निकालिएका थिए।

सत्तरी जनालाई पनि येशूले प्रचार गर्न खताउनुभएको थियो, तर तिनीहरूलाई भुतात्मालाई धपाऊ भनेर उहाँले निर्देशन दिनुभएको बाइबलले उल्लेख गरेको छैन। हेर्नुहोस् लूका १०:९। तर ती दुष्ट आत्माहरूलाई धपाउने जिम्म स्वःत तिनीहरूलाई दिइएको थियो। ती पाएको शक्तिले तिनीहरूलाई अत्यन्त उत्साहित बनाइएको थियो। हेर्नुहोस् लूका १०:१७। जब सत्तरी जनाले परमेश्वरको राज्यको बारेमा

सुसमाचार प्रचार गर्न गए तब तिनीहरूले येशूलाई आफ्ना कामको बारेमा अत्यन्त हर्षित भएर सुनाएका थिए। हुनतः तिनीहरूमार्फत येशूको शक्तिले काम गरिरहेको थियो भनेर तिनीहरूले महशूस गरेका थिए। त्यसैकारण भुतात्माहरूलाई धपाउन सम्भव भएको थियो।

ती पदहरूको बारेमा धेरै छलफल र तर्कवितर्क प्रस्तुत गर्न सकिन्छ। तिनीहरूलाई कसरी बुझ्ने भनेर विभिन्न मानिसहरूको आआफ्नै सोच हुनसक्छ। तर समुच्चरूपमा भन्ने हो भने प्रत्येक येशूभक्त वा जो इसाई हुँ भनेर दावी गर्दछ त्यसलाई संसारमा सुसमाचार प्रचार गर्न आह्वान गर्दछ भनेर बुझ्नुपर्दछ।

लूका १०:२०मा येशूले भन्नुभएको छः “दुष्ट आत्माहरूलाई तिमीहरूले काबुमा राख्न सक्यौ भनेर खुशी नहोऊ, तर तिमीहरूको नाउँ स्वर्गमा लेखिएको छ भनेर गौरब गर।" (रूपान्तरित)। येशूले व्यक्त गर्नुभएको त्यस भनाइको तात्पर्य के हो? हाम्रो जीवनमा के पो महत्त्व रहेछ भनेर येशूले औँल्याउनुभएको छ? येशूले औाल्याउनुभएको त्यस अत्यन्त महत्त्वपूर्ण कुरालाई हामीले कसरी सम्झि राख्ने र त्यस अनुसार चल्ने मनस्थित बनाउने?

## ५. विजयका उदाहरणहरू (प्रेरितहरूको पुस्तक) ) प्रेरित ५:१२-१६

जब येशू यस संसारमा हुनुहुन्थ्यो तब दुष्ट आत्मा र भुतात्माहरू अर्थात् सैतानका फौजहरूलाई दबाउन उहाँले शक्ति प्रयोग गर्नुभएको थियो भनेर अगाडिको बुँदामा हामीले हेर्‍यौं। तर याद गर्नुहोस् सैतानका शक्तिहरूलाई दवाउने प्रक्रिया समय वा कालसँग सिमित थिएन। येशूको मृत्यु र पुनरुत्थान पश्चात पनि उहाँका अनुयायीहरूले ती अन्धकारका फौजहरूलाई निरन्तररूपमा दवाउन सकेका थिए भनेर प्रेरितहरूको पुस्तकले बताउँदछ।

प्रेरितहरूको पुस्तकमा उल्लेख गरिएका दुष्ट आत्माहरूलाई येशूका भक्तहरूले कसरी माथ गरे भनेर पढ्दा अचम्म मान्नु आवश्यक छैन। आफू यस संसार छोडेर गएपछि चेलाहरूलाई पवित्र आत्मा दिइने

छ र त्यसले उनीहरूको माझमा काम गर्नेछ भनेर येशूले कबूल गर्नुभएको थियो। (उदाहरणमा यूहन्ना १४:१६ पढ्नुहोस्)।

फेरि त्यसैवखत ख्रीष्ट र सैतानको बीचमा भइरहेको महान् मतभेदको नतिजा क्रुसमा सम्पन्न भएको थियो भनेर हामीलाई थाहा छ। तर युगको अन्तसम्म येशू र सैतानको बीचमा युद्ध चर्किनै रहनेछ। त्यसैकारण, सुसमाचार प्रचार गरिरहन्दा नै त्यस संग्राममा येशूका भक्तहरू पनि सम्मिलित हुनपर्नेछ।

देहायका पदहरू पढ्नुहोस्: प्रेरित ५:१२-१६, प्रेरित ३:१-११ र प्रेरित १६:१६-१८। सैतान र उसका फौजहरूसँगको मुकाविलामा येशूका अनुयायीहरूले विजय पाएका थिए भनेर ती पदहरूले हामीलाई बताउँदछ। बर्तमान समयमा हाम्रा सुसमाचारको काम र गवाही दिने प्रक्रियामा तिनीहरूबाट हामीले के पाठ सिक्नसक्दछौं?

एउटा अचम्म र असाधारण घट्ना प्रेरित १६:१४-१८मा उल्लेख गरिएको छ। केहि मालिकहरूको काबुमा रहेको दासीले पावलको पछि पछि लागेर, “उहाँहरू अति उच्च परमेश्वरका सेवकहरू हुन्" भनेर चिच्याउँदै गरेकी थिइ। उनले बोलेका कुराहरू अति सत्य नै थिए। यद्यपि, पावललाई उनको कुरालाई पट्टक्कै पन परेन र तिनीदेखि उनलाई धेरै रिस उठ्यो। त्यस युवतीमार्फत के भइरहेको थियो भनेर पावललाई स्पष्टरूपमा जानकारी भएको थियो। त्यस देवता आएका भनिएका युवतीको जीवनमा सैतानले काम गरिरहेको थियो। यथार्थमा ती युवतीका मालिकहरूले पैसा कमाउन तिनलाई प्रयोग गरेका थिए। परमप्रभु परमेश्वरको महिमा गर्नु तिनीहरूको मनशाय पटक्कै थिएन। त्यो कुरा पावललाई थाहा थियो। जब त्यस युवतीले “यी मानिसहरू उच्च परमेश्वरका सेवकहरू हुन्" भनेर चिच्याइकी थिइ, सत्य परमेश्वर तिनको मुखबाट बोल्नुभएको थिएन। बरू तत्कालिन मानिएका कनानी ठूलो देवता इलियोनका सेवकहरू हुन् भनेर चिच्याएकी हुनुपर्दछ। कतिपय शव्दहरू बाँगो तिङ्गो गरेर सत्यलाई मोड्न सक्दछ र सत्यको ठूलो

बदनाम पनि हुन सक्दछ। (सत्य भनेर ठानिएको कुरा असत्यले बोल्यो भन्दैमा त्यो सत्य भन्नु कर छैन-अनुवादकको जीज्ञासा)।

प्रेरित ५:१२-१६ फेरि पढ्नुहोस्। "कमसेकम पत्रुसको छाँयाँलाई छोएमात्र" (पद १५ रूपान्तरित) भन्ने अचम्मको वाक्यलाई सोच्नुहोस्। परमेश्वरको निम्ति काम गर्ने कुनैपनि येशूभक्तले त्यस वाक्यले कस्तो सतर्कता देखाउँदछ? विषेश गरेर तिनीहरूको काममा सफलता पायो भने उपरोक्त आभास मानिसले पाउनु अचम्म नहुन सक्दछ।

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटकोद्वारा लिखित *द डिजायर अभ एजेज,* पृ. ६६२-६८०को "लेट नट योर हर्ट बी ट्रोबुलड्", फेथ एण्ड वर्कस्, पृ. ९३को "आप्रोप्रियटिङ्ग द राइचसनियस अभ क्राइष्ट" र *सेलेक्टेड मेसेजेज्,* बुक ३, पृ. ३१०को "साइन्स एण्ड रिभेलेशन" पढ्नुहोस्।

"आफ्नो सम्पूर्ण भरोसा र विश्वासलाई परमेश्वरमा सुम्पिदिएर येशूले विजय पाउनुभएको थियो। हाम्रो स्वामी तथा गुरू हुनुभएर येशूले हामीहरूलाई भन्नुहुन्छ, 'परमेश्वरका आज्ञाहरू पालन गर। सैतानको अगाडि निडर भएर खडा होऊ। त्यो तिमीहरूबाट भाग्ने छ। परमेश्वरको नजिक आऊ, उहाँ तिमीहरूको नजिक आउनुहुनेछ।' याकूब ४:७,८ रूपान्तरित। सैतानको शक्तिबाट हामी आफैले आफूलाई बचाउन सक्दैनौं। सैतानले मानव जातिलाई हराइदिएको छ। जब हामी आफ्नै बल वा धर्मकर्मको आधारमा सैतानसँग मुकाविला गर्न खोज्छौं तब हामी उसको धरापमा पर्दछौं। तर 'परमेश्वरको नाउँ बलियो किल्ला वा धरहरा हो। धर्मी वा परमेश्वरका जनहरू त्यतातिर लुक्न गइयो भने तिनीहरू सुरक्षित हुनेछन्।' हितोपदेश १८:१० रूपान्तरित। जो मानिस चाहे जतिसुकै कमजोर नै किन नहोस् यदि परमेश्वरको शक्तिशाली नाउँमा शरण लिन्छन् भने त्यसदेखि सैतान डरले थुरथुर काम्दछ।" एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. १३०,१३१बाट रूपान्तरित।

"पश्चाताप हृदयले चुर्ण भएको प्रत्येक व्यक्तिलाई शक्तिशाली पवित्र आत्माले सरक्षा प्रदान गर्दछ। आफ्ना कुनै पनि विश्वासिलो भक्तलाई येशूले सैतानको पासोमा पार्न दिनुहुन्न। मुक्तिदाता प्रभु हरदम उहाँको भक्तको साथमा हुनुहुन्छ। ख्रीष्टसँग रहँदा असफलता र हार खप्नुपर्दैन। उहाँमा कुनै पनि कुरालाई गुमाएँ भन्ने आभास पाइन्दैन। हामीलाई शक्ति सम्पन्न गर्नुहुने ख्रीष्टद्वारा सबै थोक हामी सम्पन्न गर्न सक्दछौं। जव दुःख, कष्ट, परिक्षाको घडी आउँछ त्यसबेला हतास निराश भएर विचलित नहुनु होस्, त्यस परिस्थितिलाई आफैले सम्हाल्न पर्खेर नबस्नुहोस्, बरू येशूतिर आँखा लगाउनुहोस्। उहाँ नै तपाईंको सहायक हुनुहुन्छ।

"कतिपय इसाईहरूले सैतानको शक्तिको बारेमा धेरै चर्चा गर्दछन्। तिनीहरूको दिमागमा तिनीहरूको शत्रुलाई नचाइ दिइराखेका हुन्छन्। सैतानको बारेमा प्रार्थना आदि गर्दछन्। जब सैतानलाई तिनीहरूको दिमागमा खेलाउन दिन्छन् तब ऊ तिनीहरूको दिमागमा अझ ठूलो, ठूलो भएर गएको हुन्छ। सैतान शक्तिशाली छ भन्ने कुरामा दुईमत छैन, यद्यपि हामीले परमेश्वरलाई धन्यबाद दिन्छौं किनभने उहाँले हामीलाई सैतानभन्दा अझ वढि शक्तिशाली उद्धारकर्ता दिनुभएको छ। उहाँले सैतानलाई स्वर्गबाट फैंकिदिनुभएको थियो। जति सैतानको शक्तिबारेमा मानिसहरू चर्चा गर्दछन् त्यत्ति ऊ खुशी हुन्छ। सैतानको सट्टामा हामीले येशूको बारेमा वढि चर्चा किन नगरौं? येशूको गरिमामय शक्ति र प्रेमलाई हामी किन सम्मान नगर्ने?"-एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज्,* पृ. ४९०, ४९३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. यस अध्यायमा उल्लेख गरिएका बाइबलका केहि विजेताहरूको बारेमा सोच्नुहोस्। आज पनि विश्वासीहरूले त्यस्तै विजय पाइरहेको हामी कसरी देख्छौं? ख्रीष्टमा विजय

पाउनेहरूको जीवनी अझ वढि थाहा पाउन हामीले के गर्नुपर्दछ?

आ. एलेन जी ह्वाइटले व्यक्त गरेको अनुसार परमेश्वरको नजिक आउनु भनेको के हो। त्यो प्रक्रिया कसरी हुन्छ र कोहि मानिस परमेश्वरको नजिक आयो भने के हुन्छ?

इ. पत्रुसको बारेमा कल्पना गर्नुहोस्। मानिसहरू उनको छायाँले मात्रै छोएपनि हुन्छ भनेर हुलका हुल उनको पछि लागेको बारेमा सोच्नुहोस्। त्यस सोचले तपाईंको आत्मिक जीवनमा कस्तो असर पार्न सक्दछ? त्यस परिस्थितिमा तपाईं सम्मिलित हुन तपाईं कस्को सुरक्षामा बस्नुपर्दछ?